# नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## असार १५ (धान दिवस)को शुभकामना सन्देश

नेपाली संस्कृति, माटो र श्रमको अनुपम सङ्गम मानिने पावन पर्व असार १५ अर्थात राष्ट्रिय धान दिवस तथा दही चिउरा खाने दिन को सुखद अवसरमा बागमती प्रदेशका, सम्पूर्ण श्रमजीवी कृषक दाजुभाइ,दिदीबहिनीहरु लगायत देश बिदेशमा रहनुभएका सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

हाम्रो समाजमा असार १५ को सांस्कृतिक र आर्थिक महत्त्व विशिष्ट छ। "मानो रोपेर मुरी उब्जाउने" यो समय केवल धान रोप्ने महिना मात्र नभएर हाम्रो साझा श्रम, सहकार्य र आपसी सद्भावको उत्सव पनि हो। नेपालको अर्थतन्त्रको मेरुदण्ड र खाद्य सुरक्षाको मुख्य आधार धान खेती नै हो। धानको उत्पादनसंग हाम्रो देशको आर्थिक समृद्धि र गरिबी निवारणको लक्ष्य प्रत्यक्ष रुपमा जोडिएको छ।

जलवायू परिवर्तनको समकालिन चुनौतीका बिच रैथाने उत्पादनको संरक्षण गर्दै आधुनिक प्रविधि, उन्नत बीउ बिजन र वैज्ञानिक सिंचाई प्रणालीको माध्यमबाट धान उत्पादनमा आत्मनिर्भर बन्नुपर्ने आजको आवश्यकता हो। यूवापुस्तालाई कृषि पेशाप्रति आकर्षित गराई कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउनुपर्ने देखिन्छ। यस दिवसले कृषि क्षेत्रको रुपान्तरणका लागि नीतिगत सुधार, कृषक अनुकुल योजना र श्रमको उचित सम्मान गर्न राज्यका सबै निकाय, नीजि क्षेत्र र सरोकार वालाहरुलाई थप जिम्मेवार बन्न प्रेरणा मिल्नेछ भन्ने विश्वास लिएको छु।

अन्तमा, माटोको सुगन्ध र असारे गीतको भाकासंगै सुरु भएको यस वर्षको रोपांइले हाम्रा खेतका गराहरुमा सुनौला फसल फलाउन सकियोस्, कृषकहरुको पसिनाको उचित मूल्य प्राप्त होस् भन्ने कामना गर्दै पुनः सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

**२०८३ साल असार १५ गते, सोमबार**
**ने.सं. ११४६ तछलाथ्व: पूर्णिमा**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

Archived at https://infobank.bagamati.gov.np